# महालक्ष्मी राजपत्र

खण्ड : ३ सङ्ख्याः ११, मिति २०७६/११/२९

## भाग-१

महालक्ष्मी नगरपालिका

महालक्ष्मी नगरकार्यपालिकाद्वारा प्रकाशित

# स्वास्थ्य ऐन, २०७६

**प्रस्तावनाः**

महालक्ष्मी नगरपालिकाका बासिन्दाहरुको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रहँदै आएको र सोको व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ को नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम महालक्ष्मी नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनलाई महालक्ष्मी नगरपालिका स्वास्थ्य ऐन, २०७६ भनिनेछ।

ख) यो ऐन महालक्ष्मी नगरपालिकाको नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले महालक्ष्मी नगरपालिकाको स्वास्थ्य ऐन २०७६ लाई सम्झनु पर्दछ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसद्ले बनाएको ऐनलाई सम्झनु पर्दछ।

(ग) "प्रादेशिक ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी प्रदेशद्वारा जारी गरेको ऐनलाई सम्झनु पर्छ।

घ) “स्वास्थ्यकर्मी” भन्नाले स्वास्थ्य सेवासँग सम्बन्धित डाक्टर, नर्स र पारामेडिक्सहरु अन्य आयुर्वेद, होमियोप्याथी, अकुपंचर, अकुप्रेसरसँग सम्बन्धित जनशक्तिहरुलाई सम्झनु पर्दछ।

(ङ) “कार्यपालिका” भन्नाले महालक्ष्मी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(च) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) “निजी” भन्नाले सेवाको सगँसगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(ज) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(झ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ञ) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार महालक्ष्मी नगर पालिकामा गठित स्वास्थ्य सेवा तथा अनुगमन समितिलाई सम्झनु पर्दछ।

(ट) “स्वास्थ्य संस्था” भन्नाले सरकारी, निजी तथा सहकारी लगायत विभिन्न गैरसरकारी संस्थाहरुद्वारा स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्ने गरी सञ्चालित अस्पताल,प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र तथा शहरी स्वास्थ्य केन्द्र लाई सम्झनु पर्दछ। यो शब्दले होमियोप्याथिक स्वास्थ्य केन्द्र र सेवालाई समेत जनाउने छ।

(ठ) “आधारभुत स्वास्थ्य संस्था” भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क रुपमा उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापनार्थक सेवा सम्झनुपर्दछ।

(ड) “प्रचलित कानून” भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयनमा रहेका कानूनहरु साथै प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेका कानूनहरुलाई सम्झनु पर्दछ।

ढ) “जनस्वास्थ्य निरीक्षक” भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्दछ।

ण) तोकिए बमोजिम भन्नाले यस ऐन बमोजिम बनेको नियमलाई सम्झनु पर्दछ।

## परिच्छेद - २

## आधारभूत स्वास्थ्यसेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** यस नगरपालिकामा स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ (तीन) प्रकारका हुनेछन् :

(क) सरकारी वा सामुदायिकः सरकारी वा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र,शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र, गाउँघर क्लिनिक, खोपकेन्द्र, प्राकृतिक चिकित्सा

केन्द्रहरु, अस्पताल, फार्मेसी, सामुदायिक अस्पताल, रक्त सञ्चार केन्द्र, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय होमियोप्याथिक स्वास्थ्य संस्थाहरु हुनेछन् ।

ख) निजी : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायकहरु हुनेछन् ।

ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाः ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन् ।

**४ स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रदायक आधार भूत मापदण्ड :**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति गठन,काम,कर्तव्य र अधिकार**

१) महालक्ष्मी नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापनका लागि निम्न बमोजिम सदस्य रहने गरी स्वास्थ्य सेवा व्यवस्थापन समिति गठन गरिने छ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख – सदस्य

ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये नगर प्रमुखबाट मनोनित एक जना - सदस्य

घ) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमध्येबाट नगर प्रमुखले मनोनयन गरेको व्यक्ति एक जना - सदस्य

ङ) नगरपालिकाको जनस्वास्थ्य प्रतिनिधि एक जना - सदस्य

च) स्वास्थ्य क्षेत्रका विज्ञहरुमध्ये कम्तीमा एक जना महिला पर्ने गरी अध्यक्षले मनोनयन गरेको दुई जना– सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख- सदस्य सचिव

२) नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

क) नगरपालिका क्षेत्रभित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार पार्ने ।

ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी कार्य गर्ने ।

ग) स्वास्थ्य सेवा अनुगमन समितिको क्रियाकलापको अनुगमन र निर्देशन गर्ने गराउने ।

घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक श्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।

ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

छ) स्वास्थ्य सेवाको पहुँचभन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्यसेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

ज) निजी तथा सामुदायिक अस्पताल र स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई आवश्यक नीति, निर्देशन दिने, स्वास्थ्यसंस्था र स्वास्थ्यकर्मीहरुलाई आवश्यक तालिम र गोष्ठीको आयोजन गर्ने।

झ) गरीब, सीमान्तकृत वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यक नीति तयार गरी लागु गर्ने।

ञ) बालबालिका, वृद्धवृद्धा, महिलावर्ग तथा घातक रोग र दीर्घरोगको उपचारमा विशेष व्यवस्था मिलाउने।

ट) स्वास्थ्य बिमा कार्यक्रम स्थानीय स्तरमा लागु गर्ने व्यवस्था मिलाउने। स्वास्थ्य सेवा र स्वास्थ्य प्रति आम जनसाधरणलाई जागरुक र अभिप्रेरित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गर्ने, गर्न लगाउने।

ठ) स्वास्थ्य जनचेतनामूलक कामका लागि युवा वर्गलाई प्रोत्साहित गर्ने।

ड) उत्कृष्ट स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिलाई प्रोत्साहित गर्ने खालका आवश्यक व्यवस्था मिलाउने।

ढ) उपभोक्ताहरुको उजुरी तथा गुनासो सुन्ने र सो गुनासो उपर कारबाही गर्ने गराउने।

ण) महालक्ष्मी नगरपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

त) अन्य आवश्यक कार्यहरु गर्ने।

**६. स्वास्थ्य सेवा अनगुमन समितिको गठन काम,कर्तव्य र अधिकार**

१ महालक्ष्मी नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र

अनुगमन  गर्न निम्न बमोजिम सदस्य रहने गरी अनुगमन समिति गठन गरिने छ :

क) नगर उप प्रमुख –अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत–सदस्य

ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये यस समितिका अध्यक्षबाट मनोनित एक जना –सदस्य

घ) स्वास्थ्य क्षेत्रका विज्ञहरुमध्ये कम्तीमा एक जना महिलासहित अध्यक्षले मनोनयन गरेको दुई जना –सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञहरुलाइ आमन्त्रण गर्न सक्ने छ।

२. स्वास्थ्य सेवा अनुगमन समितिको काम,कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

क) स्वास्थ्य सेवाको पहुँचभन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैका लागि आधारभूत स्वास्थ्य सेवा प्रत्याभूत गर्नका लागि आवश्यक कार्य गर्ने।

ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृतिसम्बन्धी आवश्यक राय प्रदान गर्ने।

ग) नगरपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा सम्बन्धित समितिलाई आवश्यक सुझाव दिने।

घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक श्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने।

ङ) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नका लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्ने ।

च. जनस्वास्थ्य निरीक्षणका. क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनमा तोकिएका जनस्वास्थ्य हित विपरीतका गतिविधि गरेको पाईएमा वस्तुस्थितिको मुचुल्का बनाई उक्त गतिविधि तत्कालका लागी बन्द गर्न लगाई कारबाहीका लागी सिफारिस गर्ने ।

छ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

ज) नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको निर्देशन र सुझाव बमोजिम आवश्यक कार्य गर्ने

**७ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार**

१) निजी तथा सामुदायिक अस्पताल स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहने छ :

**अ) निजी तथा सामदायिक अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन**

क) निजी तथा सामुदायिक अस्पताल व्यवस्थापन सञ्चालन समितिले पठाएको ३ जना मध्ये बाट नगर प्रमुखले तोकेको सदस्य - अध्यक्ष

ख) स्वास्थ्य क्षेत्रमा अनुभव प्राप्त गरेका स्थानीय समाजसेवी बुद्धिजीवीहरुमध्ये संरक्षकबाट मनोनित महिला १ जना-सदस्य

ग) अस्पताल रहेको वडाको वडाअध्यक्ष - सदस्य

घ) स्वास्थ्य क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट नगर प्रमखुले मनोनित गरेको १जना–सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

च) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये सम्बन्धित वडा समितिले मनोनित महिला १ जना–सदस्य ।

छ) स्थानीय उपभोक्ताबाट १– सदस्य

ज) स्वास्थ्य संस्था रहेको वडाको माध्यमिक विद्यालयको प्रधानाध्यापकहरुमध्ये वडा नगर स्वास्थ्य व्यवस्थापन समितिबाट मनोनित १ जना - सदस्य

झ) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट वडासमितिले तोकेको एक जना - सदस्य

ञ) अस्पताल प्रमुख/मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

**आ) प्राथमिक स्वास्थ्य केन्द्र वा प्राथमिक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन**

क) सम्बन्धित बडाको वडा अध्यक्ष - अध्यक्ष

ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी बुद्धिजिवीहरु मध्ये अध्यक्षबाट मनोनित १ जना -सदस्य

ग) सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्रअहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको १ जना - सदस्य

घ) स्थानीय व्यापार संघको प्रतिनिधि १ जना - सदस्य

ङ) स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार महिलाहरु मध्येबाट संरक्षकबाट मनोनित १ जना-सदस्य

च) सम्बन्धित वडाको वडा सचिव-सदस्य

छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रतिनिधि स्वास्थ्यकर्मी-सदस्य

ज) स्वास्थ्य संस्था प्रमुख - सचिव

**इ) स्वास्थ्य चौकी, आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समितिको गठनः**

(क) सम्बन्धित वडाको वडाअध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी बुद्धिजीवीहरु मध्ये अध्यक्षबाट मनोनित १ जना -सदस्य

ग) सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ.हरु मध्येबाट नगरपालिकाले मनोनित गरेको १ जना-सदस्य

(घ) स्थानीय व्यापार संघको प्रतिनिधि १ जना - सदस्य

(ङ) स्थानीय लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार महिलाहरु मध्येबाट संरक्षकबाट मनोनित १ जना - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(छ स्वास्थ्य संस्था प्रमुख-सचिव

ई) **शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य प्रर्वधन केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठनः**

क) सम्बन्धित वडाको वडाअध्यक्ष - अध्यक्ष

ख) स्वास्थ्य क्षेत्रमा अनुभव प्राप्त गरेका -स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी बुद्धिजीवीहरु मध्ये संरक्षक बाट मनोनित १ जना–सदस्य

ग) सम्बन्धित वडाको वडा सचिव - सदस्य

घ) सम्बन्धित वडा भित्र बसोवास गर्ने समाजसेवी, व्यवसायी, उद्योगपति, लब्धप्रतिष्ठित व्यक्ति एवम् स्वास्थ्य क्षेत्रका जानकार व्यक्तिहरु मध्येबाट स्वास्थ्य संस्था व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना–सदस्य

ङ) स्वास्थ्य संस्था प्रमुख- सदस्य सचिव

च) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थपन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

२) **स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछन् :**

क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत महालक्ष्मी नगरपालिकामा पेश गर्ने।

ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानका लागि आवश्यक कार्य गर्ने ।

ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने

ङ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

छ) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

ज) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम,कर्तव्य तोकिए बमोजिम हुनेछन् ।

**८. बैंक खाता सञ्चालन :**

१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन

**९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

१) **अस्पतालः** महालक्ष्मी नगरपालिका आफैंले तोकिएको मापदण्डमा २५(पच्चीस) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ। यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले स्वास्थ्य सेवा नियमावली तयार गरी सञ्चालन गर्नेछ ।

२) **स्वास्थ्य चौकी/सहरी स्वास्थ्य केन्द्र/आधारभूत स्वास्थ्य सेवा केन्द्रः** महालक्ष्मी नगरपालिकाले प्रत्येक वडामा (नगर अस्पताल रहेको स्थान भन्दा ५ कि.मी. भन्दा बढी दूरी भएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर सहित) आधारभूत स्वास्थ्य संस्था सञ्चालन गर्नेछ। जनसङ्ख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गर्नु पर्नेछ।

क) जनशक्ति : नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका तथा तहगत प्रणाली अवलम्बन गरी कर्मचारी व्यवस्थापन गरिने छ। नयाँ खोल्ने आधारभूत स्वास्थ्य संस्थाहरुमा हेल्थ असिष्टेन्ट वा अ हे ब मध्ये १ जना र स्टाफ नर्स र अ न मी मध्ये १ जना साथै कार्यालय सहयोगी १ जना कर्मचारीको व्यवस्था गरिने छ। यो सङ्ख्या जनघनत्वको आधारमा नगर पालिकाले थप गर्न सक्नेछ। बर्थिङ सेन्टरका लागि नर्सिङ कर्मचारी र का.स.थप व्यवस्था गरिने छ साथै २४ घंण्टे उपचार सेवा सहितको स्वास्थ्य चौकी सञ्चालनका लागि थप जनशक्ति व्यवस्थापन गरिने छ। प्रत्येक स्वास्थ्य संस्थामा आवश्यकता अनुसार क्रमशः ल्याब सेवा सञ्चालन गरिने छ। ल्याब जनशक्तिको दरबन्दी नभएका स्वास्थ्य संस्थाहरुमा करार सेवा वा ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ।

ख) भवन कोठा : नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष, औषधी भण्डार तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवनको व्यवस्थापन गरिनेछ।

ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरणहरुको व्यवस्था गरिने छ ।

३) महालक्ष्मी नगरपालिका क्षेत्रभित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

क) प्रत्येक सरकारी स्वास्थ्य संस्थाको आफ्नै एउटा फार्मेसी हुनेछ ।

**१०. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने**

१) महालक्ष्मी नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा २५ शैथ्यासम्मको सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिका लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

३) स्वास्थ्य सेवा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्नसक्ने गरी आशयपत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले तोकिएको समयभित्र मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशयपत्र प्रदान गर्नेछ ।

५) तोकिएको समयसीमाभित्र यसै ऐन बमोजिम तोकिएको मापदण्ड पूरा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनुपर्नेछ।

६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ।

७) नगरपालिकाले स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी कार्य स्वास्थ्य सेवा नियमावली तयार गरी स्वास्थ्य संस्थाहरु (अस्पताल समेत) दर्ता गर्नु पर्नेछ। स्वास्थ्य सेवा नियमावली तयार गर्दा आधारभूत मापदण्ड यस ऐनमा भएको व्यवस्था बमोजिम हुनुपर्नेछ।

८) नगर कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजतपत्र दिन सक्नेछ।

क) जनरल अस्पताल

ख) नर्सिङ होम

ग) निदान केन्द्र

घ) क्लिनिक

ङ) औषधी पसल

च) आयुर्वेदिक औषधालय

छ) पुनर्स्थापना केन्द्र

ज) पोलिक्लिनिक

झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा

११. **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड** : नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने २५ शैयासम्मका अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नु पर्नेछ :

१) जनशक्ति : कम्तीमा ४ जना विषेषज्ञ चिकित्सक, कम्तीमा ५ जना एम.वि.वि.एस. डाक्टर, कम्तीमा ५ जना हे.अ., ६ जना स्टाफ नर्स, कम्तीमा ४ जना ल्याब टेक्निसियन, अ हे ब, अनमी, ल्याब असिस्टेन्ट, रेडियोग्राफर, फार्मेसी, लेखा, प्रशासन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु

२) भवन तथा कोठा : नेपाल सरकारको मापदण्ड अनुसारको दर्ता चलानी, बहिरङ्गसेवा इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका बिरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ सहितको भवन।

३) उपकरण र पूर्वाधार : एम्बुलेन्स सेवाको उपलब्धता, बिरामी राख्ने बेड र लाइफ सपोट सिष्टम, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोरमैला व्यवस्थापनको प्रणाली भएको चौबीसै घण्टा विद्युत र खानेपानी सेवाको उपलब्धता, सडक नेटवर्कले जोडिएको हुनुपर्नेछ।

४) अस्पतालको भवन, पार्किङ र खुल्ला क्षेत्रका लागि तोकिएबमोजिमको पर्याप्त जग्गा जमिन भएको हुनु पर्नेछ।

५) अस्पतालको भवन भुकम्प प्रतिरोधी हुनुपर्नेछ।

६) अस्पताल सञ्चालनसम्बन्धी अन्य मापदण्ड तोकिएबमोजिम हुनेछ।

**१२. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

१) नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गराई स्वीकृति दिन सक्नेछ ।

२) पोलिक्लिनिकमा सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवा र बिरामी जाँच्ने डाक्टरको विवरण सहित अन्य आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**१३. प्रयोगशाला (ल्याबोरेटरी) सञ्चालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला (ल्याबोरेटरी) सञ्चालन गर्न चाहेमा देहायबमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनुपर्ने छ :

१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र ।

२) प्रयोगशाला (ल्याबोरेटरी) सञ्चालन गर्ने स्थान प्रमाणित भएको कागजात ।

३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ बर्षे कोर्ष उत्तीर्ण गरेको प्रमाणपत्र र काम गर्ने इच्छा जाहेर भएको पत्र ।

४) प्रयोगशालामा उपलब्ध हुने परीक्षणको प्रकार ।

५) प्रयोगशालामा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

६) प्रयोगशाला सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**१४. फार्मेसी सञ्चालनको अनुमति :**

१) महालक्ष्मी नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ।

२) आधारभूत फार्मेसी शिक्षा विषयमा न्यूनतम ३ बर्षे कोर्ष उत्तीर्ण गरेको व्यक्ति वा औषधी व्यवस्था विभागबाट औषधी विक्री गर्न मान्यता प्राप्त लाईसेन्सवला व्यक्तिले फार्मेसी सञ्चालन गर्ने मुख्य सञ्चालक, निजको शैक्षिक प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, हालको बसोवास ठेगाना प्रमाणित भएको कागजात, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु, प्राथमिक उपचार सेवाको विवरण र र वडा कार्यालयको सिफारिसका साथै अन्य आवश्यक कागजातसहित आवेदन दिनु पर्नेछ ।

३) प्राप्त विवरण सहितको आवेदनबमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्ने छ

४) फार्मेसी सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिएबमोजिम हुनेछ।

**१५. मापदण्ड पूरा नगरेमा सजाय हुने :**

१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिँदा  तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा पूर्ण रुपमा मापदण्ड पूरा नगरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ साथै त्यसबाट पर्न गएको क्षतिको मूल्याङ्कन गरी तोकिए बमोजिमको जरिवाना गर्ने र आवश्यक परे अन्य कारबाहीका लागि सम्बन्धित निकायलाई लेखी पठाउने।

२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेक अन्य व्यक्तिले रगत, दिसापिसाब, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सोको जानकारी आमजनतालाई दिइने ।

३) अनुदान तथा सहयोग कटौती गर्ने ।

४) फार्मेसीको हकमा दर्तावाला सञ्चालक बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवनादेखि अनुमति खारेजी सम्मको सजाय गर्न सकिने ।

**१६. सहुलियत र छुट तथा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्नुपर्ने :**

निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले सेवाग्रहीहरुको स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्कमा नगरपालिकाको सिफारिसमा निःशुल्क तथा निश्चित प्रतिशत छुट वा मिनाह सुविधा दिनुपर्नेछ ।

**१७. सेवाको न्यूनतम शुल्क तोक्न सक्नेः**

महालक्ष्मी नगरपालिका क्षेत्रभित्र सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको न्यूनतम शुल्क नगरपालिकाले निर्धारण गर्न सक्ने छ ।

**१८ स्वास्थ्य पूर्वाधार र मापदण्ड**

१. नगरपालिकाले आफ्नो क्षेत्र भित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्धन गर्नेछ ।

२. पूर्वाधार मापदण्डका आधारमा स्वास्थ्य संस्थाको पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ।

३. स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगर पालिकाले कुल निर्माण पूँजीको निश्चित प्रतिशत रकम मर्मत सम्भारको लागि बार्षिक रुपमा छुट्याउनेछ।

४. नगरपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्थाहरुको बर्गीकरण तथा पूर्बाधार मापदण्ड अनुसार न्युनतम औजार उपकरणहरुको उपलब्धता सुनिश्चित गर्नेछ।

**१९. स्वास्थ्य संस्था नवीकरणः**

१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल सरकारका विभिन्न निकाय/ कार्यलयबाट स्वीकृति लिई यस नगरपालिकामा निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले तोकिएको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

२) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैर सरकारी स्वास्थ्य संस्थाहरु ऐन जारी भएको मिति ३ महिना भित्र कार्यपालिकामा अनुमति लिन दर्ता गराउनुपर्नेछ।

३) स्वास्थ्य संस्था नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

# परिच्छेद ४

# स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

## २०. स्वास्थ्यकर्मीको व्यवस्थापन :

नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् :

१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु ।

२) करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिकाद्वारा करारसेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

३) महिला स्वास्थ्य स्वयंसेविका ।

२१. **स्वास्थ्य स्वयंसेवकको व्यवस्था** : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

१) महिला स्वास्थ्य स्वयंसेविका नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यताको हकमा न्यूनतम एस.ई.ई.अध्ययन पूरा गरेको, सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ ।

२) एउटा वडामा अधिकतम सङ्ख्या ५ हुने गरी औसत प्रति २००० जनसङ्ख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका र वडामा

अधिकतम २ जना हुने गरी औसत ५००० जनसङ्ख्याको लागि १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्नेछ। महिला स्वास्थ्य स्वयंसेविका र अभियानकर्ताहरु जनसङ्ख्या र भौगोलिक क्षेत्रको आधारमा एउटा वडामा बढीमा ७ जनासम्म हुनेछन् ।

३) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धी ३० दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ। तालिम निर्देशिका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र नगर स्वास्थ्य शाखाले तयार पारी लागू गर्न सकिनेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछन्।

४) यस भन्दा पहिलेदेखि नै कार्यरत महिला स्वयंसेविकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ ।

२२. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब, भत्ता र नगर कार्यपालिकाले तोके बमोजिमको स्थानीय सेवा सुविधा ।

२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल वा दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

३) पुरुष अभियानकर्ता/महिला स्वास्थ्य स्वयंसेविका : पोसाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

४) स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता, लगायत जोखिम युक्त कार्यका लागि तोकिए बमोजिम भत्ताको व्यवस्था गर्न सकिनेछ।

५) स्वास्थ्य प्राविधिक कर्मचारीहरुको क्षमतामा बृद्धि गर्न आवश्यकताअनुसार तालिम व्यवस्था गर्न सक्नेछ।

२३. **स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति** : सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी नगर कार्यपालिकाले निर्धारण गर्नेछ।

१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन। समायोजन भई नआएका वा समायोजन भई नआउने दरबन्दीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ।

२४. **कर्मचारी सरुवा, काज र विदा**

१) नगरपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु (स्थायी, करार, ज्यालादारी आदि) लाई आबश्यकता अनुसार नगर क्षेत्र भित्रका दफा ३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ।

२) कर्मचारीहरुले विदा लिई बस्नु परेमा स्वीकृत गराएर मात्र विदा बस्नु पर्ने छ। कर्मचारीहरुको विदा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२५. कार्यसम्पादन करार गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहायबमोजिम कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

१) नगरपालिकाका नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखसँग, स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य शाखाका अरु कर्मचारी र स्वास्थ्य संस्थाका प्रमुखहरुसँग तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले अन्य कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ।

२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ। सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

**२६. कार्यसम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार**

१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ।

२) कार्यसम्पादन सम्झौता मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

### २७. वार्षिक खरिद योजना बनाउनुपर्ने :

१) नगरपालिकाको स्वास्थ्यसंस्थाहरुमा वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ।

### २८. औषधी तथा स्वास्थ्य उपकरण खरिद :

१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउने छ।

२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्य सार्वजनिक खरिद ऐन,२०६३ र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ।

### २९. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :

१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिकाको स्वास्थ्य शाखाले मिलाउने छ।

२) सामान्यतः स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ तर विशेष परिस्थिति पर्न गएमा खरिद इकाइको सिफारिसमा आवश्यक स्वास्थ्य उपकरण र औषधीको खरिद गर्न सकिनेछ।

३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्नेछ।

४) सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

### ३०. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सासम्बन्धी उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर भए नभएको अनुगमन गरी सोअनुरुप कार्य गराउन निर्देशन दिनेछ।

### ३१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

२) आवश्यकताअनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

३) अति विपन्न नागरिक, एकल महिला, जेष्ठ नागरिक, शारिरीक अशक्तता भएका व्यक्तिहरुका लागि उपचार कोष व्यवस्था गरी नीति बनाई लागु गर्न सक्नेछ।

४) नेपाल सरकारले तय गरेको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी बनाइने छ। आवश्यक श्रोत साधनको आधारमा निःशुल्क वितरण गर्ने औषधी थप गरिने छ ।

५) नसर्ने रोगहरुबाट हुने मृत्यु दरलाई कम गर्नका लागि नीति बनाई लागु गरिने छ।

## परिच्छेद ७

## महामारी रोकथाम र फोहोरमैला व्यवस्थापनसम्बन्धी व्यवस्था

### ३२. रोग तथा बिरामीहरुको अभिलेख राख्नुपर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

२) कसैलाई नसर्नेरोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रूपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३३. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने**

१) नगरपालिकास्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागि द्रूत प्रतिकार्य समूह (Rapid Response Team) गठन गरिने छ ।

२) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा प्रभावित क्षेत्रमा भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

३) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सजगता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि अन्य स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ ।

**३४. सूर्ती, मदिरा तथा सूर्तीजन्य पदार्थको नियमनः**

१) सुर्तिजन्य पदार्थ (पानपराग, खैनी, गुटखा आदि) लगायत धूमपानको लागि निश्चित क्षेत्र तोक्ने र स्वास्थ्य संस्था, अस्पताल, विद्यालय, सार्वजनिक भवन सार्वजनिक यातायात कार्यालयहरुमा धूमपान र सूर्तीजन्य पदार्थ र मदिराजन्य पदार्थ पूर्ण निषेध गर्ने ।

२) सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।

३) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

४) सूर्ती, मदिरा र लागुपदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु नगरपालिकाले तोक्न सक्नेछ। विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी धूमपान र मदिरापान निषेध गरिनेछ ।

५) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धूमपान र मदिरा सेवन गरेमा स्थानीय प्रहरी प्रशासनको सहयोगमा नगरपालिकाले कारबाही गर्नसक्नेछ ।

६) १८ वर्षभन्दा कम उमेरका केटाकेटीलाई मदिरा तथा चुरोट खरि बिक्री गर्न प्रतिबन्ध लगाइनेछ ।

### ३५. फोहोर मैला व्यवस्थापनः

१) स्वास्थ्य संस्थाबाट निस्कने धारिलो बस्तु तथा हानिकार रसायनहरु र अन्य अस्पतालजन्य फोहोरमैलाहरुको व्यवस्थापनको लागि नगरपालिकाले कार्ययोजना बनाई सङ्कलन, स्थानान्तरण र निष्क्रिय गर्ने कार्यहरु गर्नेछ ।

# परिच्छेद ८
# स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि तथ्याङ्क र अभिलेख

## ३६.तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण

१. नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तह सम्मको स्वास्थ्यसम्बन्धी तथ्याङ्क र अभिलेख सङ्कलन गरी नियमित रुपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नेछ ।

२. नगरपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवा सम्बन्धी तथ्याङ्क र अभिलेख गाउँ स्वास्थ्य सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनु पर्नेछ ।

३. प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नु पर्नेछ ।

४. नगरपालिका वा ईजाजत प्राप्त स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्यसँग सम्बन्धीत व्यक्तिगत सुचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा नगरपालिकाको दायीत्व हुनेछ।

५. नगरपालिकातथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकाङ्कहरु नियमित रुपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

६. कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचकाङ्कहरुको बिबरण प्रदेश तथा संघीय स्तरमा web base तथा हार्डकपी को रुपमा नियमित रुपमा पठाउनेछ ।

७. स्वास्थ्य शाखाले आवधिक रुपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

**३७.जानकारी पाउने हक**

१. बिरामी लाई आफ्नो उपचारसम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको दायित्व हुनेछ ।

२. हरेक स्वास्थ्य संस्थाले आफुले प्रदान गर्ने स्वास्थ्य सेवाको विवरण सहित नागरिक वडा पत्रको व्यवस्था सबैले देखिने गरी स्वास्थ्य संस्थामा राख्नु पर्नेछ साथै सबै संस्थाले तोकिएको ढाँचामा सूचना अधिकारी को व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद ९

## आकस्मिक स्वास्थ्य सेवा

**३८. आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने**

१. यस नगरपालिकाबाट सञ्चालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी लाई आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न बन्देज गरिने छैन ।

२. स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकतानुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ ।

३. स्वास्थ्य संस्थामा सुत्केरी सेवा तथा अन्य आकस्मिक सेवा कार्यालय समयबाहेक सेवा प्रदान गर्ने स्वास्थ्यसंस्थाका स्वास्थ्यकर्मीहरुको लागि तोकिए बमोजिम थप भत्ताको व्यवस्था गरिनेछ।
आकस्मिक उपचार खर्च व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

**३९. एम्बुलेन्स सेवा**

१. नगरपालिकाले आफ्नो श्रोतबाट वा अन्य संघसंस्थाको सहकार्यमा एम्बुलेन्स सञ्चालन गर्न सक्नेछ।

नगरपालिकाले सञ्चालित एम्बुलेन्सहरु नेपाल सरकारको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्नेछ।

३. नगरपालिका क्षेत्रभित्र सञ्चालित एम्बुलेन्सहरु नगरपालिकामा दर्ता गरी वार्षिक रुपमा नवीकरण गर्ने व्यवस्था गर्नुपर्नेछ।

४. उपदफा ३ बमोजिम दर्ता नभएका एम्बुलेन्स नगरपालिकाले सञ्चालनमा रोक लगाउन सक्नेछ।

५. एम्बुलेन्स सञ्चालनको भाडा दर तोके बमोजिम हुनेछ।

## परिच्छेद १०

## विविध

**४०. सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा गर्भपतन सम्बन्धी व्यवस्था**

१. सम्पूर्ण आमाहरुलाई यस महालक्ष्मी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा सम्मानजनक आधारभूत प्रसूति सेवा,

आकस्मिक प्रसुति सेवा, गर्भवती जाँच सेवा, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घन्टा सेवा उपलब्ध गराउनु पर्नेछ ।

२. सम्पूर्ण सरकारी गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम परिवार नियोजन सेवा, खोप सेवा,नवजात शिशु सेवा निशुल्क रुपमा प्रदान गर्नु पर्नेछ ।

३. स्वास्थ्य संस्थामा प्रसूति भएका आमाहरुले नेपाल सरकारबाट तोकिएको यातायात खर्च तथा नगरपालिका बाट थप सुविधा भएमा सो पनि उपलब्ध गराउनेछ ।

४. यस नगरपालिका अन्तर्गत गर्भपतन गर्न सूचीकृत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुले नेपाल सरकार, प्रदेश सरकार र यस नगरपालिकाले तोके बमोजिम यो सेवा प्रदान गर्नुपर्नेछ । तर लिङ्ग पहिचान गरी गर्भपतन गर्न पाइने छैन । यो सेवा प्रदान गरिसकेपछि सेवाको गोपनीयता राख्नु पर्नेछ ।

**४१. प्रेषण तथा उपचार प्रणाली**

१. स्वास्थ्य सेवा प्राप्त गर्न सेवाग्राही आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछन् ।

२. उपदफा १ बमोजिम उपचार गर्न आएका बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामी लाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

३. कुनै पनि स्वास्थ्य संस्थाले बिरामी प्रेषण गर्दा सकेसम्म सरकारी स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

४. नगरपालिकाले संघीय तथा प्रादेशिक कानून नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

**४२. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्नेछ।

२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ।

३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ।

४३. स्वास्थ्य सेवासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न संघीय एवम् प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगर पालिका स्वास्थ्य शाखाले समन्वय गर्नेछ।

४४. खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरुको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरु परिचालन गर्न सक्नेछ।

४५ नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सेवाहरुको सहायता प्राप्त गर्न सक्नेछ।

४६. आमा समूह, धामी झाँक्री र प्राकृतिक तथा परम्परागत सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ।

४७. नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुले आफनो प्रगति विवरण मासिक र चौमासिक रुपमा नगरपालिकाको स्वास्थ्य शाखा समक्ष बुझाउनुपर्नेछ।

४८. नर्सिङ्ग कलेज तथा स्वास्थ्य प्राविधिक शिक्षण संस्थाबाट प्रयोगात्मक अभ्यासको लागि आउने विद्यार्थीले स्वास्थ्य शाखाको सिफारिससहित नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

**४९. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानूनबमोजिम पुनरावेदन लाग्नेछ।

**५०. नियम बनाउने अधिकारः**

१) यस ऐनको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यक स्वास्थ्य सेवा नियमावली बनाई लागू गर्न सक्नेछ।

**५१. संक्रमणकालीन व्यवस्थाः**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम स्वास्थ्य सेवा नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ।

**५२. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा महालक्ष्मी नगरपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ। तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

**५३. बचाउ र लागु नहुने :**

१) यो ऐन वा यस ऐनअर्न्तगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुनेछ।

२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ।

प्रमाणिकरण मिति : २०७६/११/२९

आज्ञाले
लक्ष्मी प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरकार्यपालिकाद्धारा मुद्रित : मूल्य रु.....